फोन नं. ०८१-५२०१५१, ५२०३३८, ५२०३१६
टोलफ्री नं. १६६० ८१ ५२०५२
फयाक्स नं. ०८१-५२०२४०
इमेल : nepalgunjmun@gmail.com

# नेपालगञ्ज उप–महानगरपालिका
# नगर कार्यपालिकाको कार्यालय

**नेपालगञ्ज, बाँके जिल्ला लुम्बिनी प्रदेश, नेपाल ।**

## तालिम सञ्चालनका लागि तालिम प्रदायक संस्था/कम्पनि वा कन्सल्टेन्सीहरुलाई प्रस्ताव आहवान सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित मिति २०७८।०७।१२)**

चालू आ.व. २०७८।०७९ मा संघीय सरकारको प्राप्त विशेष अनुदानबाट मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन एवं क्षमता विकास कार्यक्रम अन्तर्गत् लक्षित समूहका युवायुवतीहरुको सहभागीतामा तालिम कार्यक्रमहरु तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) मापदण्डका आधारमा सञ्चालन गरि प्रतिष्पर्धात्मक परीक्षामा गुणात्मक नतिजा एवं स्वरोजगार उन्मुख गर्ने उद्धेश्यले देहायका तालिम कार्यक्रमहरु तोकिएको क्षेत्रमा ख्यातीप्राप्त, अनुभवी एवं विशेषज्ञता हासिल गरिसकेका तालिम प्रदायक संस्था, कम्पनि, कन्सल्टेन्सीहरुबाट गर्नुपर्ने भएकोले तोकिएको कार्यक्षेत्रगत शर्त (ToR) बमोजिम प्राविधिक तथा आर्थिक विषय समेटी एउटै प्रस्ताव तयार गरि देहायका कागजातहरु संलग्न राखि सवै कागजातमा पर्ने गरि संस्थाको आधिकारिक व्यक्तिले प्रमाणित गरि शिलबन्दी खाम सहित सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र यस कार्यालयमा पेश गर्न हुन यो प्रस्ताव आहवान गरिएको छ ।

**तपसिल**

| सि.नं. | तालिम कार्यक्रमको नाम | प्रशिक्षार्थी संख्या | तालिम अवधी | दैनिक समय | दर | जम्मा रकम |
|---|---|---|---|---|---|---|
| १ | लोकसेवा आयोगद्धारा लिईने प्रतिस्पर्धात्मक परीक्षाको अप्राविधिक खरिदार, नायब सुब्बा तयारी कक्षा | ८० जना | ७५ दिन | २ घण्टा ३० मिनेट | ६२५० | पाँचलाख |
| २ | प्राविधिक तर्फ स्टाफनर्स, नर्सिङ्ग र ईन्जिनियरिङ्ग विषयको लोकसेवा तयारीकक्षा | ८० जना | ७५ दिन | २ घण्टा ३० मिनेट | ६२५० | पाँचलाख |
| ३ | मोटर चालक तालिम | ७० जना | ३० दिन | २० मिनेट | १२१४२ | आठलाख पचास हजार |
| ४ | अटोरिक्सा चालक तालिम | ६० जना | १५ दिन | ३० मिनेट | ८३३३ | पाँचलाख |
| | **जम्मा** | **२७० जना** | | | | **तेईसलाख पचास हजार** |

**प्राविधिक तथा आर्थिक प्रस्तावका साथ संलग्न गर्नुपर्ने देहाय बमोजिम कागजातहरुको प्रतिलिपि :**

(१) नियमानुसार सरकारी निकायमा दर्ता तथा नविकरण भएको प्रमाणपत्र,
(२) मूल्य अभिवृद्धी.कर दर्ता प्रमाणपत्र,
(३) उप-महानगरपालिकाको मौजूदा सूचीमा सूचिकृत भएको पत्र,
(४) नेपालगञ्जमा कार्यालय स्थापना भएको हकमा यस उप-महानगरपालिकामा दर्ता तथा नविकरण भएको प्रमाणपत्र
(५) यस उप-महानगरपालिकामा चालू आ.व. मा बुझाउनु पर्ने सवै प्रकारका कर चुक्ता गरेको रसिद वा अन्य कागजात,
(६) आ.व.२०७७।०७८ वा २०७६।०७७ को लेखा परीक्षण प्रतिवेदन,
(७) आ.व.२०७७।०७८ वा २०७६।०७७ को कर चुक्ता प्रमाणपत्र,
(८) आफ्नै कार्यालय भएको वा वहालमा लिएको भए सो सम्बन्धि प्रमाणपत्र,
(९) संस्था कालो सूचीमा नपरेको व्यहोरा अध्यक्ष स्वयंले स्वघोषणा गरि पत्र संलग्न गरेको,
(१०) बैंक जमानत वा धरौटी : आफूले पेश गरेको जम्मा लागत मूल्यको न्यूनतम दश प्रतिशत रकम बैंक जमानत वा यस कार्यालयको धरौटी खाता नं. ४१३०१००३०३००००२ मा जम्मा गरि सो को सक्कल भौचर प्रस्ताव साथ संलग्न गरेको हुनुपर्नेछ । माथि सि.नं. १ को तालिम कार्यक्रमको हकमा रु दश हजार, सि.नं. २ को हकमा रु दश हजार, सि.नं. ३ को हकमा रु सत्र हजार, सि.नं. ४ को हकमा रु दश हजार धरौटी जम्मा गर्नुपर्नेछ ।
(११) प्रस्ताव तयार गर्दा कार्यक्षेत्रगत शर्त (ToR) का आधरमा तयार गरेको हुनुपर्नेछ,
(१२) कर कट्टी लगायत अन्य विषयहरु आर्थिक प्रशासन ऐन, नियमावली बमोजिम हुनेछ,

(१३) विषयगत तालिम सञ्चालनका लागि उपयुक्त वातावरण भएको र प्रयोगात्मक सामाग्री सहितको उचित व्यवस्था भएको संस्थाहरुबाट आएको प्रस्तावलाई विशेष प्राथमिकता दिईनेछ,
(१४) कुनै पनि प्रस्तावदाताले माथि उल्लेखित कुनै एक वा सवै क्रियाकलापहरुमा प्रस्ताव पेश गर्न सक्नेछन
(१५) न्यूनतम सहभागी संख्या, तालिम अवधी र दैनिक समयको हकमा निर्धारित गरिएको दर भन्दा घटी हुने गरी प्रस्ताव पेश गरेमा रद्ध गरिनेछ साथै सोहि शिर्षकमा बढी हुने गरि पेश गरेमा सूचनामा तोकीएकै संख्या सरह मानि मूल्यांकन गरिनेछ ।
(१६) तोकिएको लागत मूल्य भन्दा घटी दर राखि पेश भएका प्रस्तावहरुलाई प्राथमिकता दिईनेछ ।
प्रस्तावदाताहरुले उप-महानगरपालिका कार्यालयमा यो सूचना प्रकाशित भएको मितिले १५ दिन अर्थात् २०७८ कार्तिक २६ गते कार्यालय समय भित्र, उक्त दिन विदा भएमा कार्यालय खुलेको दिन कार्यालय समय भित्र प्रस्ताव दर्ता गरिसक्नुपर्नेछ ।
(१७) दर्ता भएका सवै प्रस्तावहरु प्रस्ताव बुझाउने अन्तिम दिनको भोलिपल्ट कार्यालयका प्रतिनीधि तथा प्रस्तावदाता प्रतिनीधिहरुको रोहवरमा खोलिनेछ र प्रस्तावदाता अनुपस्थित भएमा समेत प्रस्ताव खोल्न बाधा पर्ने छैन,
(१८) प्रकाशित सूचना तथा कार्यक्षेत्रगत शर्त (ToR) यस कार्यालयको सूचनापाटी तथा website: www.nepalgunjmun.gov.np मा पनि हेर्न र डाउनलोड गर्न सकिनेछ । थप जानकारीका लागिः नेपालगञ्ज उप-महानगरपालिका नगर कार्यपालिका कार्यालयको सामाजिक, गैसस तथा साझेदारी विकास शाखामा सम्पर्क गर्न सकिनेछ । कार्यालयको फोन नं. ०८१-५२३६४१/५२०३१६ ।

**नेपालगञ्ज उप-महानगरपालिका**
**नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज ।**

# नेपालगञ्ज उप–महानगरपालिका कार्यालय

# नगर कार्यपालिकाको कार्यालय नेपालगञ्ज, बाँके

**चालू आ.व. २०७८/०७९ का लागि स्वीकृत बजेट, कार्यक्रम अन्तर्गत् सामाजिक, गैसस तथा साझेदारी विकास शाखा मार्फत् मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुका लागी सञ्चालन गरिने क्षमता विकास सम्बन्धी सीपमूलक तालिम कार्यक्रमहरु तालिम प्रदायक संस्था, कम्पनि, कन्सल्टेन्सीहरुबाट सेवा खरिद गरि गर्नुपर्ने भएकोले प्रस्तावकहरुले आफ्नो प्रस्ताव पेश गर्नुपूर्व देहाय बमोजिम तोकिएको कार्यक्षेत्रगत शर्त ९त्यच्० का आधारमा तयार गर्नुपर्नेछ ।**

**१. कार्यक्रमको पृष्ठभूमी :**

चालू आ.व. २०७८।०७९ मा संघीय सरकारबाट नेपालगञ्ज उप-महानगरपालिकाका लागि स्वीकृत मधेशी, मुस्लिम, दलित, आदिवासी जनजाती तथा लोपोन्मुख जातिका व्यक्तिहरुको व्यावसायिकता प्रवर्द्धन तथा क्षमता विकास कार्यक्रम अन्तर्गत् लक्षित समूहका युवायुवतीहरुको सहभागीतामा लोकसेवा आयोगद्धारा लिईने प्रतिस्पर्धात्मक परीक्षाको अप्राविधिक तर्फ खरिदार, नायब सुब्बा र प्राविधिक तर्फ स्टाफ नर्स, नर्सिङ्ग र ईन्जिनियरिङ्ग विषयको तयारी कक्षाहरुका साथै लक्षित समूहका युवायुवतीहरुको सहभागीतामा मोटर चालक र अटोरिक्सा चालक सम्बन्धी प्रशिक्षण तालिम प्रचलित समय, अवधि, विषयवस्तु लगायत न्यूनतम मापदण्डका आधारमा सञ्चालन गरि तालिम प्राप्त व्यक्तिहरुलाई रोजगार उन्मुख गर्ने उद्धेश्यले यस कार्यालयबाट मिति २०७८।०७।१२ गते प्रकाशित सूचनामा उल्लेखित विषयवस्तुका आधारमा सम्बन्धित क्षेत्रमा ख्याती कमाएका, योग्य र क्षमतावान तालिम प्रदायक संस्था, कम्पनी र कन्सल्टेन्सीहरु छनौट गरि तालिम सञ्चालन गर्ने योजना रहेकोछ ।

**२. कार्यक्रमको उद्देश्य तथा लाभान्वित वर्ग :**

यस कार्यक्रमको उद्धेश्य नेपालगञ्ज उप-महानगरपालिका भित्र बसोवास गर्ने मधेशी, मुस्लिम तथा लोपोन्मुख जातिका आर्थिक र सामाजिक रुपले पछाडी परेका नागरिकहरुलाई उनीहरुको आर्थिक, सामाजिक अवस्थामा सुधार गरि अति विपन्न गरिवीको रेखामुनी रहेका मधेशी, मुस्लिम, दलित, आदिबासी जनजाती तथा लोपोन्मुख समुदायलाई आर्थिक शसक्तिकरणमा टेवा पुरयाउन सीपमूलक र आयआर्जनमूलक तालिम प्रदान गरि रोजगारमा संलग्न गराई समन्यायिक समाजको विकास गर्नु रहेकाले प्रस्तावदाताले उक्त कुरालाई मूल रुपमा ध्यान दिई प्रस्ताव पेश गर्नुपर्नेछ ।

**३. प्रस्ताव तयार गर्दा उल्लेख गर्नुपर्ने विषयहरु :**

- प्रस्तावको ढाँचा आफूखुशी प्रयोग गर्न सकिनेछ तर यस कार्यक्षेत्रगत शर्तमा उल्लेख भएका र सूचनामा उल्लेख भएका विषयहरु अनिवार्य रुपमा पालना गरेको हुनुपर्नेछ ।
- संस्थागत परिचय : संक्षिप्त रुपमा उल्लेख गर्ने ।
- कार्यक्षेत्र, कार्य अवधि र सहभागी छनौट : नेपालगञ्ज उप-महानगरपालिकाको भौगोलिक क्षेत्र समेटिने गरि यस कार्यालयले सवै वडा कार्यालयबाट समानुपातिक सहभागीताका आधारमा सहभागी छनौट गर्नेछ । यसरी छनौट भएका सहभागीहरुको सहभागीतमा तालिम कार्यक्रम सञ्चालन गर्नुपर्नेछ । चालू आ.व. २०७८।०७९ को फागुन मसान्त भित्र सम्पन्न गरिसक्नुपर्ने कार्य अवधि निर्धारित गरिएको छ ।
- तालिम सञ्चालनका लागि सम्भाव्य भौतिक पूर्वाधार तथा संसाधनको पर्याप्तता छ, छैन् सो को वारेमा एकीन विवरण उल्लेख गर्नुपर्नेछ । उक्त विषयमा अवलोकन समेत गरिनेछ ।

- सरोकारवालाहरु संगको समन्वय : कार्यक्रम सञ्चालनको प्रारम्भिक चरण देखि कार्यसम्पन्न पश्चात् खर्चको सार्वजनिक परीक्षण गर्ने अवधी सम्मको सिलसिलेवार प्रक्रियागत विषयहरु उल्लेख गर्ने ।
- कार्यक्रमको नाम, संचालन गर्ने विधि : प्रस्ताव पेश गर्दा कुन क्लष्टरको कार्यक्रमका लागि पेश गरेको र के कसरी संचालन गर्ने हो विधि उल्लेख गर्ने ।
- तालिम कार्यक्रम सञ्चालन, अनुगमन तथा कार्यसम्पन्न पश्चात उनीहरुलाई रोजगारमा संलग्न गराउने सुनिश्चितता सहित संस्थाको स्पष्ट मार्गचित्र उल्लेख गर्नुहोस् । एक समूहमा ४० जना सहभागी हुने गरि प्रशिक्षण सञ्चालन गर्नुपर्नेछ ।
- स्वरोजगारका लागी योजना : सीप सिकेका व्यक्तिहरुद्धारा स्वरोजगारका लागी  योजना के कस्तो रहने हो प्रस्तावमा उल्लेख गर्नुपर्नेछ ।
- कार्य योजनाः प्रस्तावित कार्यक्रम कार्यान्वियन गर्न सकिने खालको कार्ययोजना र सो को पुष्ट्याई सहित पेश गर्नुपर्नेछ ।
- अनुगमन तथा मूल्याङ्कन विधि : सहभागिहरुको नियमित मूल्यांकन, तालिमको सञ्चालन/ व्यवस्थापन, समापन, सार्वजनिक परिक्षण गरे, नगरेको विषयमा अनुगमन तथा पृष्ठपोषण विधि उल्लेख गर्ने ।
- जनशक्ति : सूचनामा उल्लेखित तालिम कार्यक्रम सञ्चालन गर्ने र समग्र तालिम व्यवस्थापन गर्ने विषयगत क्षेत्रका जनशक्तिहरुको शैक्षिक योग्यता, अनुभव/क्षमता, कार्यकुशलता उल्लेख गरिएको व्यक्तितगत बायोडाटा सहित भरपर्दो जनशक्तिको पुष्ट्याई उल्लेख गर्नुपर्नेछ ।

४. प्राविधिक तथा आर्थिक प्रस्तावः माथि उल्लेखित विषयवस्तुहरुमा ध्यान दिई प्राविधिक तथा आर्थिक प्रस्ताव अलग-अलग खाममा नभई एउटै खाममा राखि शिलबन्दि सहित पेश गर्नुपर्नेछ । साथै प्रस्तावको प्रत्येक पानामा संस्थाको आधिकारिक व्यक्तिले प्रमाणित गरि संस्थाको छाप लगाएको हुनुपर्नेछ ।
५. बैंक जमानत वा धरौटी : आफूले पेश गरेको तालिम कार्यक्रमको न्यूनतम दश प्रतिशत रकम बैंक जमानत वा यस कार्यालयको धरौटी खातामा जम्मा गर्नुपर्नेछ ।

**६. तालिम कार्यक्रमको भुक्तानी व्यवस्थापन :** कार्यक्रम सञ्चालनका लागि सम्झौता भए पश्चात् प्रगतिका आधारमा भुक्तानी दिइनेछ । पेश्की उपलब्ध हुनेछैन । तालिम प्रदायक संस्था छनौट पश्चात् सम्झौताका शर्तहरु आपसी सहमतिमा तयार गरि द्धिपक्षिय विच सम्झौता गरिनेछ ।

**७. प्रस्ताव मूल्यांकन गर्ने तरिका :** पेश भएका प्रस्तावहरु लागत तथा गुणस्तर विधि अनुसार गरिनेछ । कूल १०० अङ्क मध्ये प्राविधिक प्रस्तावको अङ्कभार ८० र आर्थिक प्रस्तावको अङ्कभार २० रहनेछ ।

**८. पुरा गर्नुपर्ने पूर्व शर्तहरु :-** सूचनामा उल्लेख भएका शर्तहरु प्रारम्भिक चरणका लागि अनिवार्य छन् उक्त शर्तहरु पूरागरे बापत अङ्क दिइने छैन र यस्तो शर्त पूरा नभएको प्रस्ताव माथि कुनै कारवाही हुने छैन ।
***नोट : प्रस्तुत शीर्षक अन्तर्गत रही सेवा प्रदायक संस्थाले आवश्यक विवरणहरु प्रमाण सहित संस्था प्रमुखवाट प्रमाणित गरी सहीछाप गरी पेश गर्नु पर्नेछ । यसका साथै छनौटमा नपरेका सेवा प्रदायक संस्थाका जनशक्तिहरुले अन्तिम छनौटमा परेका सेवा प्रदायक संस्थाहरुमा रही काम गर्न वाधा पर्ने छैन ।***

***समाप्त ।***